# महालेखापरीक्षकको कार्यालय
## केन्द्रिय सचिवालय तथा व्यबस्थापन महानिर्देशनालय

पत्र

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

प.सं.: ०८०।८१
च.नं. ३४७

मितिः २०८०।९।६

**श्री सबै लेखापरीक्षण विभाग, महानिर्देशनालय, निर्देशनालय**
**महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाण्डौं।**

<u>बिषयः नियमित बैठकको निर्णय पठाएको.</u>

प्रस्तुत विषयमा कार्यवाहक महालेखापरीक्षकज्यूको अध्यक्षतामा २०८० पौष ४ गते बसेको कार्यालयको भौतिक तथा भर्चुअल बैठकबाट देहाय बमोजिम निर्णय भएकोले सो निर्णय कार्यान्वयन गर्ने गराउन हुन अनुरोध गरिएको छ :

**निर्णय नं. १ -** २०८० मार्ग मसान्तसम्म लेखा परीक्षण अवस्था र सोको प्रगती विश्लेषण हुँदा ६३३६ कार्यालयमध्ये २६४० कार्यालयकोमात्र प्रारम्भिक प्रतिवेदन जारी भएकोले लेखापरीक्षण कार्यलाई तिव्रता दिँदै २०८० माघ १५ सम्म लेखा परीक्षण सम्पन्न गरी २०८० माघ मसान्त भित्र सबै कार्यालयहरुको प्रारम्भिक प्रतिवेदन जारी गर्ने व्यवस्था मिलाउने,

**निर्णय नं. २ -** स्थलगत लेखापरीक्षणमा खटिएका लेखापरीक्षण टोलीले लेखापरीक्षण अबस्थाका बारेमा जानकारी गराउनु भयो । स्थलगत टोली खटिन बाँकी निर्देशनालयबाट २०८० पौष १५ भित्र सबै टोली खटिई सक्ने र २०८० माघ १५ सम्ममा लेखापरीक्षण सम्पन्न गरी टोली केन्द्रमा फर्कने, सो समयमा लेखापरीक्षण सम्पन्न हुन नसकेमा सम्बन्धित उपमहालेखापरीक्षकज्यूले बैकल्पिक व्यवस्थापन गर्ने व्यबस्था मिलाउने,

**निर्णय नं. ३-** स्थानीय तहको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्ने सम्बन्धमा प्रथम चरणको लेखापरीक्षणबाट प्रारम्भिक प्रतिवेदन जारी भएका निकायले क्रमशः बाँकी कार्य गर्दै जाने, अन्तिम लेखापरीक्षण प्रतिवेदनको ढाँचा र अग्रभागको व्यहोरामा एकरुपता हुने गरी तयार गरेर नीति तथा तालिम निर्देशनालयबाट सबैलाई परिपत्र गर्ने,

**निर्णय नं. ४ -** संघ, प्रदेशका मन्त्रालय तथा केन्द्रिय निकायको नेप्सास **(NPSAS)** मा आधारित वित्तीय विवरण प्रमाणित गर्ने प्रयोजनको लागि वित्तीय विवरण प्राप्त नभएकोमा पत्राचार गर्ने, वित्तीय विवरण प्राप्त भएकोमा सम्बन्धित लेखापरीक्षण टोली प्रमूखले अध्ययन गरी व्यहोरा प्रारम्भिक प्रतिवेदनमा समावेश गर्ने, राय सहितको प्रतिवेदन पठाउने विषयमा एक दिनको छलफल कार्यक्रम आयोजना गर्ने र २०८० फागुनको दोस्रो हप्तादेखि क्रमशः सो महिनामा राय सहितको प्रतिवेदन जारी गर्ने व्यवस्था सम्बन्धित नायब महालेखापरीक्षकज्यूहरुले मिलाउने**,**

**निर्णय नं ५-** लेखापरीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन तयारी गर्ने कार्य सम्बन्धित नायब-महालेखापरीक्षकज्यूहरुले आफ्नै क्षेत्राधिकार भित्र गर्दै जाने, लेखापरीक्षण टोलीबाट प्राप्त भ्रमण प्रतिवेदन अध्ययन गर्ने, नीति तथा जनशक्ति विकास महानिर्देशनालयले समन्वयात्मक कार्य गर्ने विषयको लागि टोली, मन्त्रालयगत तथा वार्षिक प्रतिवेदन मस्यौदा, वाचन र अन्तिम रुप दिने प्रयोजनको लागि आबश्यक टोली गठन गर्ने कार्य एक हप्ताभित्र सम्पन्न गर्ने,

**निर्णय नं. ६-** प्रथम चरणको डोरबाट लेखापरीक्षण सम्पन्न भएका निकायको प्रारम्भिक प्रतिवेदन लेखापरीक्षण योजनामा उल्लेख भए अनुसार १५ दिनभित्र जारी गर्नुपर्नेमा २०८० मार्ग मसान्तसम्म ३७ कार्यालयको प्रतिबेदन सुपरीबेक्षकसमक्ष पेश भएकोमा पुनरावलोकन हुन बाँकी रहेको तथा ६२ कार्यालयको प्रतिबेदन जारी गर्न बाँकी रहेकोले प्रारम्भिक प्रतिवेदन जारी नगर्ने टोलीसँग लिखित जानकारी माग गर्ने व्यवस्था व्यवस्थापन निर्देशनालयले तुरुन्त मिलाउने,

**निर्णय नं. ७ -** प्रतिवेदनमा एकरुपता कायम गर्ने विषयमा टोली प्रमूख र सुपरीवेक्षकबीच निरन्तर सम्बाद गर्ने, सम्बन्धित मन्त्रालय तथा केन्द्रीय निकायको लेखापरीक्षणमा संलग्न हुने टोली समेतको समन्वयमा नायब महालेखापरीक्षणज्यूहरुले मन्त्रालयगत रुपमा प्रतिवेदन गर्ने महत्वपूर्ण विषय उल्लेख गरी केन्द्रिय समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने,

**निर्णय नं. ८ -** प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा सम्पन्न भैसकेको र सोको पृष्ठपोषणबाट अन्य प्रदेशमा समेत कार्यक्रमहरु संचालन गर्न आवश्यक देखिएकोले कार्ययोजना अनुसार कार्यक्रम आयोजना गर्ने तय भएकोले सम्बन्धित टोलीहरुलाई छुट्टै जानकारी गराई समन्वय गर्ने व्यवस्था केन्द्रीय सचिवालयले मिलाउने,

**निर्णय नं. ९ -** आयोजना लेखा प्रमाणित गर्ने निकायको लेखापरीक्षण प्राथमिकताको आधारमा सम्पन्न गरी तोकिएको मितिभित्र प्रमाणित गर्ने व्यवस्था मिलाउने, प्रदेश तथा स्थानीय तहको सम्परीक्षण कार्य अनुरोध भएको १५ दिनभित्र टुङ्ग्याउने, कार्यालय व्यवस्थापन लगायतका कार्यमा व्यवस्थापन निर्देशनालयले प्रभावकारी रुपमा कार्यसम्पादन गर्ने, साविकमा गठित विभिन्न समिति तथा उप समितिहरुले तोकिएको कार्य प्राथमिकताका साथ सम्पन्न गरी कार्यवाहक महालेखापरीक्षकज्यू समक्ष प्रगति विवरण प्रस्तुत गर्ने,

**निर्णय नं. १०** - लेखापरीक्षण प्रतिबेदन जारी पूर्बको गुणस्तर पुनरावलोकन ( Pre Issuance Quality Review ) कार्य पौष १५ सम्म सम्पन्न गर्ने

<u>जानकारीका लागि</u>
**श्रीमान् कार्यवाहक महालेखापरीक्षकज्यू,**

(निर्देशक)